आ.ब.२०६९/०७० को तेस्रो चौमासिक तथा बार्षिक
प्रगति समिक्षा गोष्ठीको

# प्रतिवेदन

मिति २०७०/०४/४ गते

**जिल्ला विकास समितिको कार्यालय**
**चैनपुर, बझाङ**

**पृष्ठभूमिः**

जनताले जनताद्धारा जनताकै लागि जनस्तरबाटै जनप्रतिनिधि मार्फत जनताले नजिक बाट छुन, महशुस गर्न, शासन पक्रियामा सहभागी हुन, अपनत्व अभिबृद्धि गर्न, स्थानीय लोकतन्त्रको स्थानीय स्तर बाट दिगो विकास गर्न, स्थानीय जनताकै नेतृत्वदायि भूमिकामा स्थानीय स्वायत्त शासन पद्धतिको संस्थागत विकास गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ लाई विकेन्द्रिकरणका आधारभूत स्तम्भका रुपमा राज्यले अवलम्वन गरेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रार्दुभाव सँगै स्थानीय निकायहरु स्पष्ट रुपमा परिभाषित भई स्थानिय निकायहरुलाई थप अधिकार प्रदान भएको देखिन्छ । भनिन्छ, स्थानीय निकायहरु लोकतन्त्रका पहिलो पाठशाला हुन् । जनता तथा जनताका जनप्रतिनिधिहरुसँग अति निकट सम्वन्ध कायम गरि विकासका प्रक्रियाहरुलाई अघि बढाउन तथा समयानुसार जनआकांक्षा तथा चाहना बमोजिमका नीति तर्जुमा गरी विकासमा सहभागिताको सिद्धान्तलाई आत्मसात गर्न जिल्ला विकास समितिहरुले ठुलो भूमिका निर्वाह गरेका छन् । योजना तर्जुमाको महत्वपूर्ण सम्वाहकको रुपमा रहेको अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण जिम्मेवारीलाई समेत जिल्ला विकास समिति बझाङले पुरा गर्दै आएको छ । जनप्रतिनिधि विहिनताको वर्तमान अवस्थामा समेत उनीहरुको अस्तित्वलाई आत्मसात गर्दै हरेक निर्णय प्रक्रियाहरुमा राजनैतिक सर्वसम्मति खोज्ने र राजनैतिक सहमतिका आधारमा विकासका प्रक्रियालाई अघि बढाउने काम गदै आएको छ । जनप्रतिनिधि विहिन आजको अवस्थामा स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरेको अनुगमन उपसमिति सक्रिय हुन नसकेको अवस्थालाई मध्यनजर गरी स्थानीय स्वायत्त शासन अुदान संचालन कार्यविधि २०६९ मा भएको व्यवस्था अनुकुल वर्तमान परिप्रक्ष्यमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा स्थायी प्रकृतिको जिल्ला सुपरिवेक्षण तथा अनुगमन समिति गठन भई योजना अनुगमनका लागि सो समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्ने प्रावधान अनुरुप सबै राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी राजनैतिक दलकै संयोजकत्वमा जिविसका प्राविधिक ईन्जीनियर वा सव इन्जिनियर सदस्य सचिव रहने गरी पत्रकार गैसस प्रतिनिधि समेतको सहभागीता भएको सर्वपक्षिय अनुगमन पद्धतीको विकास गरी अनुगमनको प्रक्रियालाई अघि बढाएको छ ।

स्थानीय स्वायत्त शासन ऐनमा हरेक जिल्ला विकास समितिहरुले चौमासिक, अर्द्धबार्षिक तथा बार्षिक रुपमा जिल्ला विकास योजनाको समिक्षा गर्ने प्रावधान राखे बमोजिम, जिल्ला विकास समिति बझाङले पनि सो दायित्व निर्वाह गर्दै आएको छ । विकासका सरोकारवालाहरुले बर्ष भरि विकासका कामहरु अघि बढाउँदा के कस्ता बाधा तथा अडचनहरु आए, ती बाधा तथा अडचनलाई पार गर्न के कस्ता प्रयासहरु गरियो ? उनीहरुले बर्षभरि के कस्तो भौतिक तथा वित्तिय प्रगति हासिल गरे ? बर्षभरि गरेका काममा के कस्ता अनुकरणीय कामहरु गर्न सकियो भन्ने विषयबस्तुलाई केन्द्रमा राखेर आफूले बर्षदिन भरि गरेका कामहरुको मूल्यांकन आफै गर्ने पद्धति नै समीक्षा हो । निर्धारण गरेको उदेश्य अनुसार काम गर्न सक्यौं वा सकेनौ ? यदि सकेनौ भने के कुराले हामीलाई बाधा पारयो ? ती बाधाहरु बाहिरी पक्षबाट आए वा आन्तरिक थिए ? बाधा समाधान गर्नका लागि हामीले गरेका प्रयासहरु कत्तिको सफल रहे ? भनेर केलाउने एउटा मर्यादित पद्धति हो समीक्षा । समीक्षा भित्र हामी कमीकमजोरी मात्र खोज्दैनौ, संभावना तथा सफलताका नयाँ आयामहरुको पहिचान पनि गर्छौ । हरेक समीक्षा पछि जिल्ला विकास समिति बझाङले महत्वपूर्ण निर्णहरु पारित गरी जिविस बैठकमा अनुमोदन एवं स्वीकृतिका लागि लाने गर्छ । जिविसले स्वीकृत गरि सके पछि सम्बन्धित निकायमा जानकारीका लागि पठाउने सभ्य संस्कारलाई आत्मै देखि स्वीकार्दै व्यवहारमा रुपान्तरण गर्दै आएको छ ।

**औपचारिक सत्र** :

स्थानीय विकास अधिकारी श्री युवराज कटेलको अध्यक्षतामा तथा निमित्त प्रमुख जिल्ला अधिकारी श्री राम प्रसाद शर्माको प्रमुख आतिथ्यता र राजनैतिक दलहरुको आतिथ्यतामा विषयगत सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, अनुगमन टोलीका सदस्यहरु, सम्बन्धीत योजनाको साइड हेर्ने प्राविधिक साइड ईन्चार्जहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु र पत्राकारहरुको समुपस्थितिमा मिति २०७०/०४/२ गते जिल्ला विकास समितिको सभाहलमा जिल्ला विकास योजना आ.ब. २०६९/०७० को तेस्रो चौमासिक तथा वार्षिक समिक्षा गरियो । यस समिक्षा कार्यक्रममा जिल्ला विकास समितिका योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री याम नारायण गौलीले सहजिकरण गर्नु भएको थियो भने सम्पूर्ण सहभागिहरुलाई जिल्ला विकास समितिको तर्फबाट जिल्ला प्राविधिक कार्यालयका कार्यालय प्रमुख जिल्ला ई. श्री नरेन्द्र के.सी. खड्काले जिल्ला विकास समिति तथा अन्तर्गतका आयोजनाहरु (डिर्लिप, ग्रा.सा.पु.वि.का., ग्रा.ज.व्य.प., स्था.शा.सा.वि.का., जि.प्रा.का., दु. क्षे. वि.स., सा. सिं. आयोजना) बाट आ.व. २०६९/०७० मा सम्पन्न गरिएका योजना तथा कार्यक्रमहरुका बारेमा प्रस्तुत गर्नु भएको थियो । यस अवसरमा विषयगत सरकारी कार्यालयका प्रमुखहरु, गैर सरकारी निकायहरुका प्रमुख तथा प्रतिनिधिहरुले आ-आफ्नो कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

**प्रस्तुतिकरण शत्र :**
**विषयगत सरकारी कार्यालयहरु**

**जिल्ला विकास समितिको कार्यालय**
जिल्ला विकास समितिको कार्यालयको तर्फबाट जिल्ला इन्जिनियर श्री नरेन्द्र के.सी.खड्काले जिल्ला विकास समिति र अर्न्तगतका आयोजनाहरु एवं जिल्ला प्राविधिक कार्यालयले आ.व. २०६९।०७० सालमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको बारेमा प्रस्तुत गर्नु भएको थियो । वहाँको प्रस्तुतिमा **स्थानीय यातायात क्षेत्रगत कार्यक्रममा विनियोजित रु. ४८०००००।** रहेको जस अन्तर्गत ६ वटा योजनाहरु रहेका साथै सर्वेक्षण, मर्मत संभार कोष र कन्टीजेन्सी गरी रु. ७०००००। छुट्याईएको साथै योजनाहरु क्रमशः लुयाँटा पौडी सडक रु ५०००००, मोरीवगर चौधारी सैनपसेला कृषि सडक रु. १००००००।, लुयाँटा कैलाश कोटदेवल सडक रु ३०००००।, रिठापाटा जयपृथ्वीनगर सडक रु ९७००००।, जडार पौवागढी थामलेख सडक रु ३०००००। र खोली हुदै पौवागढी लामातोला वाजुरा सडक रु १००००००। का यी सवै योजनाहरुमा ल.ई अनुसार काम सम्पन्न भएको जानकारी गराउनु भयो । त्यस्तै **स्थानीय यातायत पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत विनियोजित वजेट रु. १८०००००।** नियमानुसार काटिने कन्टीजेन्सी वाहेक १६२००००। रुपैयाँ विथ्थड नामक कृषि सडकमा छुट्याईएको जसको कार्यसम्पन्न भैसकेको बताउनु भयो । यसैगरी **कर्णाली र कर्णाली वरीपरी विशेष कार्यक्रम मा विनियोजन भएको रु ११३०००००।** निम्न १४ वटा योजनाहरु रहेका जसमा मोरीवगर पाथिभेरी सडकमा रु . ३००००००।, टम्टानी सि.कु. मर्मत चौधारी ४,५ रु. १००००००।, सेती सामुदायिक सूचना केन्द्र भवन निर्माण हेमन्तवाडा ७,८ रु ७०००००।, सामुदायिक भवन निर्माण चैनपुर १ रु. ७०००००। चौधारी खानेपानी १-९ रु. ५०००००। आमवगर जडा खानेपानी तथा सरसफाई रु. २०००००।, डुग्रीं खानेपानी तथा सरसफाई मौलाली ६,७,८ रु. ५०००००।, गोठखोला खानेपानी मर्मत पौवागढी ९ रु ५०००००।, जडार पौवागढी, लामोतोला थामलेख सडक रु २००००००। ओलीगाउँ सिंचाई कुलो मौलाली ८ रु. ८०००००। विनाडा सि.कु. मौलाली ४ रु. ४०००००।, चन्कीली माझेसैन खा.पा. मर्मत लुयाँटा ४,५ रु. ३०००००। हिमालय नि.मा.वि. रिलु ३ रु. ५०००००। र भाडेवगर जयपृथ्वीनगर सडक कडेल, ब्यासी रु ५०००००। यी सवै योजनाहरु ल.ई. अनुसार सम्पन्न भएको कुरा प्रकास पार्नु भएको थियो । साथै **पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रु २००००००।** विनियोजन रकम अन्तर्गत सुनिकोटको तपवन क्षेत्र विकास कार्यक्रमका लागि रु. ७०००००।, मष्टामाण्डु क्षेत्रमा पर्यटन सुधार (भातेखोला र ब्यासी) रु ५ लाख र चैनपुर सुर्मा सरोवर पद मार्ग रु ८ लाख विनियोजित रकम को काम सम्पन्न भएको, **जनसहभागितामा विशेष कार्यक्रम अन्तर्गत रु २५ लाख**को दिपायल चैनपुर सडक मा रु ५ लाख, जडार थाम सडक रु ५ लाख, शहिद स्मृति भवन चैनपुर १ मा रु १० लाख र तल्लो चौर सिंचाई लेकगाउँमा रु ५ लाख भएकोमा सवै योजना सम्पन्न भएको वताउनु भयो । त्यसै गरी **ग्रमीण खानेपानी तथा सरसफाई कार्यक्रमको रु ४७ लाख २४ हजार ३ सया २०** अन्तर्गत ११ वटा योजना रहेको छन, सानासिंचाई कार्यक्रममा वजटे रु ८ लाख रहेको जस अन्तर्गत ४ वटा योजना सम्पन्न भएको र **झो.पु. क्षेत्र गत कार्यक्रम तर्फ रु ४० लाख ३८ हजार** मा स्टील पार्टस खरिद गर्नुपर्ने कार्यक्रममा १६ लाख ७५ हजार खर्च भई ४१.४८ प्रतिशत प्रगति भएको साथै उक्त योजनाहरु क्रमागत रहेका जानकारी गराउनु भयो । साथै **झो.पु. क्षेत्रगत कार्यक्रम पूजिगत तर्फ विनियोजित १ करोड ४ लाख** विनियोजित रकममा १७ ओटा झो.पु.मा कार्य भएको जस मध्ये ६ वटा झोपुहरुको कार्य सम्पन्न भएको र अन्य क्रमागत रुपमा रहेका छन् ।

त्यसैगरी **झो.पु. वृहत मर्मत कार्यक्रम** अन्तर्तत चालु आ.व.मा ५ वटा झो.पु. हरुको मर्मत गर्ने कार्य सम्म भएको वताए । यसैगरी **पूननिर्माण तथा पूनर्स्थापना कार्यक्रम अन्तर्गत विनियोजित रु. १ करोड ५६ लाख १५ हजार**वाट चा.लु. आ.व.मा १० वटा योजनाहरुमा कार्य गरिएको जस मध्ये ४ वटा योजनाहरु सम्पन्न भएका र वाकी योजनाहरु क्रमागत रुपमा रहेका, **सान्तिका लागि विकास कार्यक्रममा विनियोजित १० लाख ५० हजार** रकमको ६ वटा योजनाहरु सवै सम्पन्न भैसकेका, **द्धन्द प्रभावित क्षेत्र विशेष कार्यक्रम**मा विनियोजित रु २० लाखमा ५ वटा योजनाहरुको कार्य सम्पन्न भएका, **सामुदायिक सिंचाई आयोजना**को लागि चालु आ.व.मा विनियोजित ५० लाख मध्ये रु ४० लाख १ हजार ३ सया एकतिस रकम खर्च भएको र **दुर्गम क्षेत्र विकास समिति कार्यक्रमका लागि विनियोजित ३३ लाख रकम** मध्ये रु. २९ लाख ३४ हजार ६ सय २८ खर्च भएको छ । **LGCDP कार्यक्रम**मा सामाजिक परिचालन अन्तर्गतको कार्यक्रममा **विनियोजित २ करोड २३ लाख ४७ हजार ५ सय चौरासी** मध्ये २ करोड २२ लाख २७ हजार १ सय तीस खर्च भएको, **DRILP** परियोजनाको लागि चालु आ.व.मा **रु.२ करोड ९ लाख २ हजार तिरानब्बे** मध्ये १ करोड ५८ लाख ९९ हजार ५३४ खर्च भएको जसमा भोपुर रुपातोला सडकमा १८ किलो मोटर वाटो निर्माण भई कार्य सम्पन्न भएको र २२५ मिटर लामो कपडे झो.पु. निर्माण कार्य सम्पन्न भएको । अन्तमा **RCIW** कार्यक्रमको लागि **रु ५९ लाख ६५ हजार ९ सय १४** (दाल, चामल र नगद समेत) मा १० वटा योजनाहरु सम्पन्न गरीएका साथै **उपाप र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना** को समेत चालु आ.व.मा सम्पन्न भएका योजनाहरुको प्रस्तुति गर्नु भएको थियो ।

प्रस्तुत योजना तथा कार्यक्रमको सम्वन्धमा ने.क.पा. एमालेका जिल्ला अध्यक्ष दिल वहादुर सिंह वाट योजना वाँडफाँडको सम्वन्धमा क्षेत्रिय सन्तुलन नमिलेको वताउनु भयो । त्यस्तै रा.प्र.पा. अध्यक्ष विश्व जेठाराले जम्मा ९८ योजना मध्ये २ नं. क्षेत्रमा जम्मा १५ वटा योजना परेकाले योजना वाँडफाड कसरी वैज्ञानिक भयो भनी जिज्ञासा राखेका थिए । साथै ने.क.पा. माओवादीका जिल्ला इन्चार्ज लक्ष्मण खड्काले कार्यक्रममा सुझाव दिए पछि कार्यान्वयनमा आउने भए सुझाव दिनु राम्रो नत्र सुझाव दिनुको के अर्थ भनी प्रश्न गरेका थिए । साथै नेपाली कांग्रेश का जिल्ला सभापति पृथ्वीवहादुर सिंहले १२० थान ग्याविन वाकी भएकोले सुवेडाका पुलमा ज्ञाविन जाली हालिएन भने भत्किने जोखिममा रहेकोले तुरुन्त जाली प्रयोगमा ल्याउनुपर्ने वताउनु भयो । उक्त प्रश्नको जिज्ञासाको जवाफमा स्थानीय विकास अधिकारी युवराज कटेलले DDRC को वैठकवाट Recommendation को आधारमा Crictial भनिएको स्थानमा ग्याविन जाली उपलब्ध गराउने र ग्याविन भर्ने काम समुदायले अहिले आफैले गर्ने पछि रकम आए पछि उपलब्ध गराउने बताउनु भयो ।

**महिला तथा बालबालिका कार्यलय**

महिला तथा बालबालिका कार्यलयको बार्षिक प्रगति कार्यालय प्रमुख महिला विकास अधिकृत लक्ष्मी शाहले प्रस्तुत गर्नु भएको थियो । वँहाले नियमित कार्यक्रम अन्तर्गत रु. २७७२०००।, लै.स.म.स. आयोजना अन्तर्गत रुं २६०३०००।, पारागमन कार्यक्रममा २ किस्ता (६९४००० र १०४५३००) गरी जम्मा रु. १७३९३००।, युएनएफपिए तर्फ रु. ३५०९००।, द्वन्द प्रभावित महिलाहरुको निम्ति युएन प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी कार्यक्रममा रु. ४००००० तथा मानववेचविखन र जेष्ट नागरिक उपचार खर्च नामक शिर्षक अन्तर्गत रु. २९५७५०। रकम विनियोजन भएको बताउनु भयो । वँहाले उल्लेखित कार्यक्रमहरुको सम्बन्धमा अधिकांश रकमहरु खर्च भैसकेको बताउनु भयो ।

महिला तथा बालबालिका कार्यलयको प्रस्तुतीमा एमाले जिल्ला अध्यक्ष दिल बहादुर सिंहले पारागमन कार्यक्रम अन्तर्गत असार २५ गते सम्म कति प्रतिशत कार्य सम्पन्न भयो र कति प्रतिशत बाकी रहेको छ भनी महिला विकास अधिकृत लक्ष्मी शाहालाई प्रश्न गर्दा म.वि.अधिकृतले अघिल्लो चरणमा आएको अख्तियारीको शत प्रतिशत खर्च भयो साथै पछिल्लो चरणको रकम खर्च गर्न ढिलो पैसा आएकोले समयमा कार्य गर्न नसकिएको बताउनु भयो । उक्त पारागमन कार्यक्रमको खर्च हुननसकेको रकम के हुन्छ ? कि त कागज मिलाएर खाने हो कि, के हो ? भनि पत्रकार जनक खड्काले प्रश्न गर्दा म.वि.अ. शाहाले unicef बाट बैशाखमा मात्र कार्यक्रम आएकोले र कार्यालयमा लेखापाल पद रिक्त रहेको सोचे अनुसार प्रगति हुन सकेन । फिर्ता नजाने रकम भएकोले कागज मिलाएर होइन कार्यक्रम गरेर प्राप्त रकमको खर्च गरिने छ भनी जवाफ दिनुभएको थियो ।

**जिल्ला कृषि विकास कार्यालय**

जिल्ला कृषि विकास कार्यालयको आ.व. २०६९।०७० को बार्षिक प्रगती प्रस्तुत कार्यालय प्रमुख कृषि विकास अधिकृत रमेश चन्द्र भट्टले गर्नुभएको थियो । वहाँले कृषि प्रसार कार्यक्रम अन्तर्गत १६ लाख ९८ हजार ६ सय, सहकारी खेतमा आधारित साना सिंचाई रु २ लाख ७० हजार, साना सिंचाई कार्यक्रम, तथा रासायनिक मल ढुवानी कार्यक्रम गरी निक्षेपित कार्यक्रम तर्फ जम्मा ४ वटा शिर्षक रहेको वताउनु भयो । १६०० जातका विभिन्न विरुवाहरु वितरण गरिएको भनि प्रस्तुत गरिदा प्रहरी नायव उपरिक्षक उदय तामाङ्गले ती विरुवाहरु के-के जातका हुन भनि प्रश्न गर्दा स्याउ र ओखर जाताको विरुवा वितरण गरिएको वताउनु भयो । इरिमेल जंगली फल पाइने ठाउँमा स्याउ हुन्छ भनि प्रस्ट पार्नु भयो । यसैगरी राप्रपा का अध्यक्ष विश्व जेठाराले GIZ संग समन्वय गरी पकेट क्षेत्र निर्माण गरेर कुनकुन क्षेत्रमा कुन कुन फलफुल हुन्छ सो अनुसार फलफुलका लागि कार्यक्रम वनाउनु पर्‍यो भनि सुझाव दिनुभएको थियो । प्रत्येक इलाकामा साना सिंचाई दिनु पर्‍यो तर राजनैतिक दल साक्षी मात्र राखेर आफ्नो हिसावले कार्यक्रम गर्नु भएन भनि राजनितिक दलको भनाई थियो । ने.क.पा. एमालेका अध्यक्ष दिल बहादुर सिहंले जिल्लामा कार्यरत संघ-संस्थाहरु आफ्नो हिसावले कार्यक्रम गरेकाले अनुगमन हुन सकेको छैन । त्यसैले सवै संघ संस्था कृषि सँग कार्य गर्नलाई समन्वयमा ल्याउनु पर्‍यो भन्नु भएको थियो । उठेका प्रश्नहरुको जवाफ दिंदै जिल्ला कृषि विकास कार्यालय प्रमुखले सुखद समाचारका रुपमा लिन सकिने कार्यका रुपमा हालसालै सरकारी तथा गैर सरकारी संघसंस्थाहरु सम्मेलित कृषि एलायन्स गठन भएको छ । जसले गर्दा आगामि दिनहरुमा कृषि क्षेत्रमा कार्य गर्ने सवै सरोकारवाला हरुसंगको सहकार्यमा योजनाहरुको डुब्लिकेसन न्युनिकरण भई नतिजामुलक कार्य गर्न सजिलो हुने बताउनु भएको थियो । साथै वहाले कृषि क्षेत्रमा जिल्लामा प्रसस्त सम्भावनाहरु मैले देखेको छु त्यसको लागि सम्बन्धित सवैले आपसी सहकार्यमा काम गर्नुपर्ने बताउनु भएको थियो । सवै कृषि क्षेत्रमा काम गर्ने NGO हरुले जिल्ला परिषदमा कार्यक्रमहरु प्रस्तुत गरी पास गरेका छन तथापी कार्यमा दोहोरो पन हट्न सकेको छैन् तथापी कृषि एलायन्सको सकृयतामा भविस्यमा एकिकृत कृषि विकास योजना बनाई कार्य गर्न सकेको खण्डमा कृषिको प्रभावकारी विकास हुनसक्ने वताउनु भयो । कृषि कार्यालयले प्लाष्टिकका टंकीहरु आफैले खरिद गरि कमिशन खाएको भनी पत्रकार

जनक खड्का, नागरिक समाजका अध्यक्ष धर्म जंग शाहीले र नेकपा एमालेका पार्टी सचिव दमन भण्डारीले गर्नु भएको टिप्पणीमा कृषि अधिकृत भट्टले प्लाष्टिका टंकीहरु यस जिल्लामा नया प्रविधिको रुपमा प्रयोगमा ल्याईएको उक्त टंकीको ३० बर्षको ग्यारेन्टी भएको र ५० औं बर्षसम्म टिकेको अन्यत्र जिल्लामा प्रसस्त उदाहरणहरु छन् त्यसैले यस जिल्लामा पनि प्रयोगमा लगेको हो जहासम्म कमिशनको सवाल छ त्यसमा सत्यता छैन् । उपभोक्ता किसानको खातामा कार्यालयबाट रकम निकासा गरिन्छ र उपभोक्ता आफैले खरिद गर्ने हो २००० लिटरको ठुलो टंकी भएकोले सयुक्त ढुवानी गर्नको लागि कार्यालयले उपभोक्त किसानलाई सहजिकरण गरिदिएको हो र यस जिल्लामा गरिएको यस प्रयोग बाट सकारात्मक परिमाणहरु देखिन थालेको छ भनी पुष्टि गर्नुभएको थियो ।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**

जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको तर्फबाट प्रतिवेदन प्रस्तुती डिभिजन प्रमुख डि.ई.विनोदलाल थकालीले गर्नु भएको थियो । वहाँले १७ वटा आयोजनाको लागत रु.२३९४००००। मा रु २२००८००००। विनियोजन भएको जसमा पुन निर्माण तर्फ २५०००००।, पूर्ण सरसफाई तर्फ २००००००। खर्च भएको वताउनु भएको थियो । हाल सम्म आधारभूत खानेपानीमा पहुँच ७४ प्रशित, सरसफाई चर्पी तर्फ ६१ प्रतिशत घरहरुमा चर्पी निर्माण भईसकेको , खुल्ला दिशा मुक्त गाविस १० वटा जस्ता वर्ष भरीमा गरेका मुख्य क्रियाकलापको वारेमा प्रस्ट पार्नुभएको थियो । खानेपानीले बाडेको पाईपहरुमा अनियमितता भएको र खानेपानीका योजनाहरुमा भौगोलिक सन्तुलन नमिलेको भनी जिज्ञासा राखिदा वँहाले आवश्यकता हेरी पाइपहरु अनुगमन पश्चात् मात्र वितरण गरिएको साथै खानेपानी कार्यालयले १ करोड भन्दा माथिका योजनाहरु मात्र गर्ने भएकोले साना साना खानेपनीका समस्याहरुलाई कार्यालयले सम्बोधन गर्न नसक्ने भएको र सम्भाव्यता अध्ययन गरि लगानी गरिने भएकोले त्यस्तो देखिन गए जस्तो लाग्छ तर यथार्थमा भौगोलिक सन्तुलन मिलाउने प्रयास गरिएको छ भनी प्रस्ट पार्नु भएको थियो । यमा अभियानमा खानेपानी कार्यालयले प्रभावकारी भूमिका निर्वाह नगरेको भनी सप्रोस नेपाल, बझाङका जिल्ला कोअडिनेटर चन्द्र सिंहले प्रश्न गर्दा डिभिजन प्रमुख थकालीले यमा को लागि Ngo हरुलाई d-wash-cc को निर्णयबाट सहयोगको लागि जिम्मेवारी दिईएको छ सवैले ध्यान दिएमा मात्र अभियानको रुपमा लान सकिन्छ । खानेपानी कार्यालयले अनुगमन कार्यमा सकृयता जनाएको छ । d-wash-cc ले निर्णय गरे अनुरुप चालु आ.व.को असार मसान्त सम्म यमा मा जिल्लाका १० वटा गाविसहरुलाई यमा घोषणा गर्न हामि सफल भएका छौ भनी जवाफ दिनु भएको थियो ।

**सु.प.क्षे. सिंचाई सव डिभिजन कार्यालय**

जिल्ला सिंचाई सव डिभिजन कार्यालयका निमित्त प्रिमुख निर्मल दाहालले बार्षिक बजेट, प्रगति तथा खर्च प्रस्तुत गर्नु भएको थियो । सिंचाई कार्यालयले बनाएका सिंचाई कुलोहरुमा राप्रपा नेपालका अध्यक्ष मदन भण्डारीले सवै योजनाहरु वजारमा मात्र सिमित भएको, गाउँ तिर छैन भनेर प्रश्न गरेका थिए । सोको जवाफमा वँहाले योजनाहरु क्रमागत भएकोले चालु आ.व. मानै सम्पन्न हुदैन योजनाको संरचना गाँउतिर पनि बनेका छन् तपाईले संकेत गर्न खोज्नुभएको गोलाइ सिं कु. को चालु आ.व.मा सदरमुकाम चैनपुरमा मात्र कार्य सम्पन्न भएको आगामि बर्षमा त्यसको गाँउ तिर पनि त्यसको विस्तार गरिनेछ भन्नु भएको थियो । त्यसैगरी ने.क.पा. माओवादीका जिल्ला इन्चार्ज लक्ष्मण खड्काले गुडखोली सिंचाई आयोजना सम्पन्न भएको हो ? त्यसमा कति रकम हो भनेर प्रश्न गर्नु भएको थियो । जवाफमा वँहाले योजनाको रकम रु १० लाख रहेको र कार्य सम्पन्न भई सकेको बताउनु भयो ।

**जिल्ला पशु विकास कार्यालय**

कार्यालय प्रमुख पशुपति नाथले बार्षिक प्रगती प्रस्तुत गर्नु भयो र प्रस्तुतीमा पशु आहार सेवा, व्यवसाय उन्मुख कार्यक्रम रिठापाटा-१, व्यवसायिक वार्खापालन सुढृढिकरण- माझिगाउँ, साझेदारीमा गाई भैसी गोठ सुधार कार्यक्रम र तालिम तथा प्रसार कार्यक्रम गरी १०५००००। को कार्यक्रम प्रस्तुत गरेका थिए । वजारमा दुग्ध पदार्थको माग वढ्दै गइरहेको र चैनपुरमा दुग्ध पदार्थको व्यापक अभाव रहेको वर्तमान अवस्थामा पशु सेवा कार्यालयले यस पुर्तीको लागि के कस्तो कार्य गर्न सक्छ भनि नेपाली कांग्रेशका जिल्ला सभापति पृथ्वी वहादुर सिंहले राखेको जिज्ञासामा कार्यालय प्रमुख पशुपति नाथले व्यवसायिक गाईपालनको सुरुवात गरिएको किसानहरुले आफैले खरिद गरिने गाईलाई कार्यालयको तर्फवाट ढुवानीको लागि रु २०००००। लगानी गर्नको लागि कार्यक्रम अघि वढाइएको छ । जसले गर्दा आगामि वर्षमा १० वटा उन्नत जातका गाईहरु जिल्लामा भित्राई व्यवसायीक कृषि पालनको लागि प्रयास गरिएको छ । बजेटको कमीले माग अनुरुप किसानलाई सहयोग गर्न नसकिएको बताउनु भयो ।

**जिल्ला बन कार्यालय**

जिल्ला बन कार्यालयका प्रमुख रमेश चन्दले कार्यक्रम प्रगति र खर्च प्रस्तुत गर्नु भएको थियो । वहुसरोकारवाला वन कार्यक्रम तर्फ रु ३२ लाख ६६ हजार ५ सय पच्चीसमा भौतिक प्रगति ९८।९८ प्रतिशत र आर्थिक प्रगति तर्फ ९५।७४ प्रतिशत भएको जानकारी गराउनु भयो । यसैगरी सामुदायिक वन विकास कार्यक्रम तर्फ रु २०९१०७० मा ९५.९२ प्रतिशत प्रगति भएको थियो भनि प्रस्तु गर्नु भयो । बझाङ्गमा चन्दनको विरुवा अएको र यसको अवस्था वारे अध्ययन गरिएको, चैनपुरमा बाउलुगाड र सेती नदी किनारमा वास रोपण कार्य गरिएको, जिल्लामा बाँसका ८००० विरुवा ल्याई वितरण गरिएको, चैनपुर भन्दा पारी पहिरो बाट हुने क्षति न्युनिकरण गर्न वृक्षारोपण, घाँस विरुवा, उत्तिस, रोपण गरिएको, वन अतिक्रमण रोक्ने पहल सुरुवात गरेको त्यसमा भएको प्रगति वारे प्रष्ट पार्नु भएको थियो । कटुकी, वनलसुन, र सतुवा लोप हुने स्थितिमा पुगेका प्रजाति जडीवुटीलाई तीन वर्ष सम्म रोक्क लगाईएको छ साथै ३,३ वर्षमा खन्न पाईने व्यवस्था जिल्ला परिषद् र जिल्ला वन समन्वय समिति अनुसार पारित गर्नुपर्ने जस्ता महत्वपूर्ण क्रियाकलाप वारे उल्लेख गर्नु भएको थियो । बन कार्यालयले लापरवाही तरिकाले बासका विरुवा वितरण गरेको भनि पत्रकार रामचन्द्र रोकायाले गरेको प्रश्नमा जिल्ला बन अधिकृत चन्दले त्यसमा सत्यता नरहेको आवश्यकता हेरी विरुवा वितरण गरिएको साथै जिल्लाको सरोकारवाला सरकारी एवं गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु र आमजनसहभागितामा सेती र बावलीगाड किनारमा बृक्षा रोपण कार्य गरिएको पुष्टि गर्नुभएको थियो ।

**जिल्ला आर्युवेद कार्यालय**

जिल्ला आर्युवेद कार्यालयको तर्फबाट आ.व. २०६९।०७० को बार्षिक प्रगति कार्यालय प्रमुख डाक्टर सुवोध मिश्रले प्रस्तुत गर्नुभएको थियो । वँहाले कार्यालयको बार्षिक खर्च रु. ११३२००० रहेको बताउनु भयो । त्यस मध्ये कार्यक्रममा खर्च गर्न सकिने पैसा निम्नानुसार रहेको वताउनु भयो । रोग निधान कार्यक्रममा १३०००।, कम्पाउण्ड बाल निर्माणमा २०००००।, जडिबुटि कार्यक्रममा १००००।, जेष्ट नागरिक औषधिमा ५००००।, स्वास्थ सिविर तर्फ १०००००।, साथै विद्यालय आर्युवेद कार्यक्रम र वार्षिक समिक्षा कार्यक्रम समेत रहेका बताउनु भयो । आर्युवेदको विषयमा कुनै जिज्ञासा नआए पछि डाक्डर मिश्रले आर्युवेदको उपयोगिता बारे जनचेतना जगाउनु पर्ने, आर्युवेदमा हर रोगको दिर्घकालीन उपचार हुन्छ । हाम्रो जस्तो जडिवुटिको धनी देशको जडिवुटि उपयोग नभई खेर गैरहेको छ एवं तस्करीको माध्यमबाट विदिसिएको छ त्यसैबाट महंगो एलोपेथिक औषधीहरु बनी स्वदेश भित्रीरहेको छ । त्यसैले समयमै आर्युवेदको प्रवर्द्धन र जडिवुटिको संरक्षणको लागि ठोस अनुसन्धानात्मक,  प्रवर्द्धनात्मक तथा उपचारात्मक क्रियाकलापहरु गर्नुपर्ने बताउनु भयो ।

**जिल्ला घरेलु तथा साना उद्योग कार्यालय**

जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको तर्फबाट कार्यालय प्रमुख माधव काफ्लेले बार्षिक प्रगति प्रस्तुत गर्नु भएको थियो । वहाँले उद्यमि विकास कार्यक्रम, उद्योग प्रर्वद्धन कार्यक्रम, उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम गरी रु. ६०४०००। को कार्यक्रम र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा रु.२२,४१,९७३। रहेको बजेट प्रस्तुत गर्नु भएको थियो ।  राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष विश्व जेठाराले सावुन वनएर कत्तिको फाइदा भएको छ ? ए.ने.क.पा माओवदीका राज्य समिति सदस्य कलक बहादुर खड्काले कुन गाविसमा कुन तालिम दिने व्यवस्था गरिएको छ ? नेकपा एमालेका जिल्ला अध्यक्ष दिल बहादुर सिंहले अपागंले तालिम गरेर अहिले के गर्दै छने भनी प्रश्न गर्नुभएको थियो । जवाफमा कार्यालय प्रमुख काफ्लेले कार्यालयको बजेट अभावमा जिल्ला जलश्रोत परियोजना संग समन्वय गरि समपुरक कोषको रुपमा उक्त परियोवना लागु गरिएका गाविसहरुमा हामिले सहकार्यमा तालिम संचालन गरेका छौ साथै कार्यालयले चैनपुरमा दिएको खाम फाईल निर्माण तालिम संचालन गरेका छौ । जहासम्म नेकपा एकीकृतका जिल्ला अध्यक्ष धन बहादुर दौल्यालको एक जनाले दिनमा कति खाम बनाउन सक्छ भन्ने प्रश्न छ त्यसको जवाफमा का.प्र.काफ्लेले एक जनाले दिनमा १०० खाम जति बनाउन सक्ने देखिएको छ भन्नु भएको थियो । साथै वहाले चैनपुरमा साझा सुविधा केन्द्र स्थापना गरिएको छ जहा तालिमबाट प्राप्त सामाग्री राखिने गरिएको बताउनु भयो ।

**जिल्ला स्वास्थ्य कार्यालय**

जिल्ला स्वास्थ कार्यालयको तर्फबाट बार्षिक प्रगतिको प्रस्तुती कार्यालयका तथ्याकं अधिकृत सुरेन्द्र रावलले गर्नु भएको थियो । वहाँले स्वास्थका नियमित कार्यहरु तथा विषेश कार्यहरु रहेको बताउनु भयो । वहाँले आफ्नो प्रस्तुति गरिसकेपछि उठेका जिज्ञासाहरु मेटाउने प्रयास गर्नुभएको थियो । स्वास्थ सेवाको प्रभावकारीता प्रति सहभागीहरुको गुनासो चासो र चिन्ता अति रहेको आभाष भएको थियो । पत्रकार जनक खड्काले अशक्तलाई खर्च छैन भन्ने तर भएको पैसा कहा खर्च गर्ने स्वास्थ्यको चाला के-हो यस्तो ? त्यसको जवाफमा स्थानीय विकास अधिकारी युवराज कटेलले प्रस्तुतिमा सेवा ग्राही र प्रतिशत नमिलेको त्यसलाई मिलाउनु पर्ने भनि वताउनु भयो । तपाईको प्रस्तुतिमा औषधि खरिद गरेको देखिन्छ तर गाउँ घर

क्लिनिकमा औषधी पर्याप्त देखिदैन भनि राप्रपाका अध्यक्ष विश्व जेठाराले प्रश्न गर्नु भएको थियो । ने.का. का जिल्ला सभापति पृथ्वी वहादुर सिंहलाई हामीलाई उपलब्ध गराईएको हेन्डआउटमा हस्ताक्षर डा. इन्द्र प्रसाद पौडेलको तर छाप वरिष्ट जनस्वास्थ्य अधिकृत राजेन्द्र प्रसाद खत्रीको छाप देखिन्छ यो कस्तो लार्पवाही हो भनि आपत्ती जनाएका थिए । ने.क.पा. माओवादीका जिल्ला इन्चार्ज लक्ष्मण खड्काले अस्पताल सहयोग समितिको वैठक नवसी भवन निर्माणको कार्य त्यस समितिको अध्यक्षलाई दिएको त्यसमा सरसफाई तथा सुधार भएको देखिदैन भनि गरिएको प्रश्नमा तथ्यांक अधिकृत रावलले भवन निर्माण कार्य सम्पन्न भईसकेको वताए । १ जना दलित महिलाले दलितलाई एकसरे र ल्यावमा निशुल्क सेवा उपलब्धगराउनु पर्ने भर्ना भएका दलित विरामीहरुलाई निशुल्क खाना वितरण गरिदिनु पर्ने भनि आफ्नो भनाई राख्नु भएको थियो । दलित मात्र नभै भर्ना भएका सवै विरामीलाई निशुल्क खानाको व्यवस्था मिलाएको छ भनि जवाफ दिनु भयो । ने.क.पा. एमालेका अध्यक्षले डाक्टर र जनस्वास्थ्य अधिकृत किन उपस्थित नभएको भन्दा वहाँले क्षेत्रीय गोष्ठीमा डाक्टर साव व्यस्थ भएको तथा वरिष्ट जनस्वास्थ्य अधिकृत छुट्टीमा रहनु भएको वताउनु भयो । पत्रकार जनक खड्काले अनलाईन डाटा इन्ट्री भनिएको छ तर डाटा रिर्पोट कहाँवाट हेर्न सकिन्छ भनि प्रश्न गरेका थिए । विविध प्रश्नहरु उठेकाले सो सहजीकरण गर्दै स्थानीय विकास अधिकारीले रावल जि एक्लैले स्वास्थ्यका सवै शाखाको प्रगति प्रस्तु गर्न सक्नु हुन्न । त्यसैले सवै शाखाको प्रस्तुतिकरण आएको भए किलियर पार्न सकिन्थ्यो होला भन्नुभएको थिया ।

**जिल्ला शिक्षा कार्यलय**

जिल्ला शिक्षा कार्यालयको प्रगती प्रस्तुती जिल्ला शिक्षा अधिकारी श्री जगन्नाथ उपाध्यायले गर्नु भएको थियो । जिल्ला शिक्षा अधिकारीको प्रस्तुतिमा Power point प्रस्तुति नभएकोले योजना तथा कार्यक्रमको प्रगति सम्वन्धमा दुविधानै रह्यो तसर्थ विविध प्रश्नहरु आएका थिए । वहाँ हार्ड कपिको प्रस्तुतिमा पुरै प्रस्तुति नसिध्याउदै ने.क.पा. एमालेका अध्यक्ष दिल वहादुर सिंहले भवनका कोटा कति आएका छन र निर्णय गर्दा राजनीतिक दलहरुलाई सहभागि नगराएको तर प्रगति मात्र सुनाएको भन्ने प्रश्न गर्नु भयो । यसै गरी ५ वर्षे जिल्ला शिक्षा निर्माण कार्यमा राजनीतिक दल तथा सरोकारवालाको सहभागित हुनु पर्ने भनि वहाँले थप प्रश्न गर्नु भयो । जिल्ला शिक्षा अधिकारीले प्रगति प्रस्तुत गर्ने क्रममा कार्यालयवाट निम्न कार्यक्रम भएको वताउनु भयो ।

वालविकास शिक्षा
प्राथमिक शिक्षा विस्तार कार्यक्रम
सहभागि शिक्षा
द्वन्द पिडीत छात्रवृत्ति
सामुदायिक अध्ययन केन्द्र
महिला ऋण तथा वचत समूह
खुला विद्यालय संचालन
पौढ विद्यालय
छात्रवृति वितरण नि.मा.वि., मा.वि. दलित र छात्रवृत्ति
शिक्षक शिषा विकास
एऋँ ल्यल क्बबिचथ अनुदान
एऋँ क्बबिचथ अनुदान
समुदायद्धारा विद्यालयको व्यवस्थापन जिम्मा लिएका विद्यालय अनुदान
राष्ट्रिय साक्षरता कार्यक्रम
सामुदायिक विद्यालय क्षमता अभिवृद्धि

यसैगरी ने.क.पा. एमालेका अध्यक्षले सामुदायिक केन्द्रवाट कार्यक्रम सन्चालन नभएका कार्यक्रमलाई भयो भनेर प्रस्तुत गर्नु गलत हो भनेर आपत्ती जनाएका थिए । यसैगरी जिल्ला शिक्षा अधिकारीले कार्यक्रम सन्चालन गर्नु सामुदायिक केन्द्रको जिम्मेवारी हो सामाग्री खरिद पनि नकिनिएकोमा स्थानीय वजारवाट किनिएको छ भनि वताए । एमालेका अध्यक्षले साक्षरता संचालन नभई कसरी १२००० जना साक्षर भए १४ वटा गाविसहरुमा २७ वटा गाविस मध्ये साक्षरता कक्षा संचालनमा शैक्षिक साम्रागी खरिद भएनन् साथै नक्कली प्रगतिको तथ्यांक ल्याई कार्यक्रम नगरी खर्च देखएको पाईयो भनि प्रश्न गरे । पत्रकार जनक खड्काले अनुगमन समितिले दिएको प्रतिवेदनलाई व्यवास्था गरी रकम भुक्तानी गरिएको भनि प्रश्न गरेका थिए । सो को जफावमा जि.शि.अ. ले कार्य सम्पपन भएको प्राविधिकको मुल्यांकनवाट मात्रै रकम भुक्तानी गरिएको भनि पुष्टि गर्नु भयो ।

## गैर सरकारी संघसंस्थाहरु

### सप्रोस नेपाल

सप्रोस नेपाल, बझागंका प्रमुख, जिल्ला प्रबन्धक चन्द्र सिंहले प्रगति तथा खर्चको प्रस्तुती गर्नु भयो । गरिवी निवारण कार्यक्रम अन्तरगत ८ वटा गाविसहरुमा कार्यक्रम संचालन भएको जानकारी गराउनु भयो जस अन्तरगत १८४ वटा सामुदायिक संस्थाहरुबाट कार्यक्रम संचालन गरिएको जानकारी गराउनु भयो । जसबाट ४३४ घरधुरी सप्रोस लागु भएको ८ वटा गाविसहरुमा समिटिएको छ त्यस्तै घुम्ती कोष तर्फ रु. २६७५४४८९ मा जम्मा रु. १६८०९५६८ जम्मा ६५ पतिशत मात्र उठेको भनी जानकारी गराउनु भयो । समुहहरुलाई सहकारीमा दर्ता गरेर कार्यक्रम गर्दा उत्तम हुने भनी राप्रपाका अध्यक्षले बताउनु भएको थियो । जिल्ला प्रबन्धक सिंहले दलित सामुदायिक संस्थाको संख्या ४० रहेको र आय आर्जनमा समेटिएको घरधुरी संख्या ८१४ रहेको, साथै जिविस र सरोकारवालाको समन्वयमा कमि रहेको पनि औल्याएउनु भयो । सो को जवाफमा स्थानीय विकास अधिकारीले समन्वयको लागि जिविसले अन्य निकायहरु संग सहकार्य गरि कार्य भैररहेको छ भनी प्रस्ट पार्नु भएको थियो ।

### UMN

UMN को बार्षिक प्रगति कार्यालय प्रमुख नविन मोक्तानले गर्नु भएको थियो । प्रमुख मोक्तानले फल ले आफै समुदायमा गएर काम गर्दैन साझेदार संस्था मार्फत समुदायमा जान्छ । साझेदार संस्थाहरु ५ वटा रहेका छन् । ति संस्थाहरु मार्फत फल ले बार्षिक रु. ७७२४८१० खर्च गर्दछ । फल को प्रगति भन्नु नै ति संस्थाहरुको बार्षिक प्रगति हो । भनी जानकारी दिनु भएको थियो । नेकपा माओवादीका लक्ष्मण खड्काले भातेखोलामा यशुको धर्मका अनुसार स्वास्थ संस्था नगई प्रभुको नाममा बच्चा जन्माउन प्रेशर गरेको भन्ने कुरा के हो ? जसले गर्दा एक दलित महिलाको मृत्यु भएको छ भनी प्रश्न गर्नु भउको थियो । जवाफमा वहाले त्यसमा सत्यता नभएको सो यथार्थ होइन, फल को साझेदार संस्था र स्टाफले त्यस्तो गरेको पाईएमा हामि कारवाही गर्छौ, त्यसो भए हामिले स्वास्थ संस्थामा सुत्केरी गराउन किन सहयोग गथ्यौ भनी पुष्टि गर्ने प्रयास गर्नुभएको थियो । नेकपा एमालेका जिल्ला अध्यक्षले भातेखोलामा स्कुल निर्माण गरि त्यसलाई चर्च बनाउदै छ रे हो ? भनी गरेको प्रश्नको जवाफमा प्रमुख मोक्तानले यो कुरा यथार्थ होइन, हामी तिनीहरुलाई चिन्दा पनि चिन्दैनौ भनी प्रस्ट पार्नु भएको थियो ।

### साईपाल युवा समाज /CARE Nepal

साईपाल युवा क्लबको तर्फबाट बार्षिक प्रगती प्रस्तुती भयो । यस कार्यक्रमलाई care Nepal ले सहयोग गरेको छ । यस कार्यक्रम अन्तर्गत भरोसा परियोजनाल १५ वटा गाविसमा संचालन भएको छ र सामुदायिक सहयोग कार्यक्रम ५ गाविसहरुमा संचालित छ । HIV/AIDS संक्रमित जिल्लामा ५५ जना रहेको यस भरोसा परियोजनामा बजेट रु. ८७३५९३० मा हालसम्म रु. ३७६५३६३ खर्च भएको जानकारी दिनुभयो ।

### सामाजिक तथा प्राविधिक विकास समुह (GSTDS) / SUAHARA

यस संस्थाको तर्फका प्रतिनिधिले प्रस्तुत गर्नुभएको प्रगति विवरणमा खुला दिसा मुक्त गर्न कुन कुन गाविसहरुमा सहयोग र कति रकम उपलब्ध गराएको छ ? भनी नेकपा माओवादीका जिल्ला ईन्चार्जले गरेको प्रश्नमा यमा को लागि ४ गाविस जिम्मा लिएको प्रति गाविस १५००० दिने गरेको जम्मा बजेट ६०००० रहेको र जिम्मा लिएका मध्ये लामातोला र दंगाजी यमा भइसकेका अब यमा हुन बाँकी सुवेडा र पाराकाट्ने गाविसहरु रहेको कुरा जानकारी गराउनु भयो ।

### GIZ

GIZ नामक संस्थाबाट प्रगति संस्थाका प्रतिनिधि खगेन्द्र राईले प्रस्तुत गर्नु भएको थियो । वहाँले giz ले जिल्लामा क्षेत्र नं. २ का १३ वटा गाविसमा काम गर्दछ भनी जानकारी गराउनु भयो । यस project ले विषेश गरेर समुदायको माग अनुरुप विधालय, खानेपानी, बाटो, स्वास्थ, शिक्षा लगाएतका भौतिक पुर्वाधार तर्फ काम गर्दछ भनी जानकारी गराईरहदा यसले कार्य प्रशंनीय रहेको तर स्थानीय विकास अधिकारी संग सकारात्मक नरहेको भनी एमाले अध्यक्ष, पत्रकार जगत खड्का लगाएतका व्यक्तिहरुले प्रश्न गर्दा स्थानीय विकास अधिकारीले giz ले गरेको काम राम्रो छ । यसले बनाएको विद्यालय भवन र शिक्षा कार्यालयले बनाएको भवनको निरिक्षण गर्दा कार्यको प्रभावकारीताको बारेमा जानकारी पाउन

सकिन्छ। giz ले राम्रो काम गरेको छ त्यसमा संदेह छैन तर तरीका मिलेन भन्ने विषयमा जिविस र giz को सम्बन्धमा शरुको दिनमा कटुता रहे पनि हालका दिनहरुमा त्यस्तो नरहेको र वहाँहरुले स्थानीय निकायको परिषद मार्फत नै योजना छनौट र कार्यान्वयनमा जाने भनी प्रतिबद्धता जनाएपछि giz संग अहिले सुमुधुर सम्बन्ध रहेको छ भन्नु भयो। साथै giz प्रतिनिधि राईले हालैका दिनहरुमा जिविस र giz को सम्बन्ध राम्रो रहेको स्वीकार्नु भयो।

गैरसकारी संस्था तर्फ त्यसैगरि महिला तथा बचत सहकारी संस्था, एकीकृत विकास मचं भातेखोला, प्रगतिशिल युवा क्लव, दलित गैसस समन्वय समिति, हरिजन सामुदायिक विकास कार्यक्रम, नेपाल बचत तथा केन्द्रिय सहकारी संघ लि. नेफस्कुन, बझागं, र ग्रामिण बातावरण सुधार समिति नामक गैर सरकारी संस्थाहरुले आ-आफ्नो बार्षिक प्रगति प्रस्तुत गर्नु भएको थियो।

**कार्यक्रम समापन .सत्र :**
**राजनैतिक दलहरुको तर्फबाट मन्तव्य**

**नेकपा माओवादी**
नेकपा माओवादीको तर्फबाट पार्टीका जिल्ला ईन्चार्ज श्री लक्ष्मण खड्काले मन्तव्य राख्नु भएको थियो। वहाँले व्यक्त गर्नुभएका महत्वपुर्ण बिषयहरु निम्नानुसार रहेका छन्।

- योजना अनुगमन गर्न बनाएको सर्वपक्षिय अनुगमन टोली, अनुगमन टोली नभई अनुमोदन टोली जस्तो बन्न गयो
- प्रतिशत र कृत्यका कुरा प्रसस्त आय र भौतिक पुर्वाधारतर्फ कार्यक्रम कार्यान्वयनमा त्रुटीहरु रहे, यस्ता विषयहरुलाई मनन गर्नुपर्छ र हल्लाका पछि नलागी यथार्थ विषय पहिल्याउनुपर्छ।
- योजनाको कार्यवन्वयन नभइ भुक्तानी गरिएमा भोली कारवाहीको भागी हुनुपर्नेछ। त्यसैले जिविस यस विषयमा सचेत हुनुपर्छ यस्ता विषयलाई हल्का ढंगले लिनुहुदैन।
- यो समिक्षा कार्यक्रममा म र मेरो पार्टीको तर्फबाट Note of decent रहेको छ।
- प्राविधिकले Measure गरी MB उठाउने LDO ले सोको आधारमा भुक्तानी देको पाइयो त्यसो भए अनुगमन गर्नुको औचित्य के ? योजना सम्पन्न नभएको योजनाको योजना सम्पन्न भएको MB उठाएको भएमा त्यस्तो संका लागेमा MB पनी हेर्न सकिन्छ।
- कुनै पनि व्यक्तिलाई अक्षेप नगरी मेरो भनाई नियत,प्रवृत्ति र प्रकृयाको गलत अभ्यास प्रति लक्षित छ।

वहाँले राखेको विचार प्रति LDO सरले अनुगमन असारको १४, १५ गते भएको साथै अनुगमन पछि १७ देखि २२ गते सम्म पुनः काम भएको अनुगमन पछिको त्यस अवधिमा थप ४ वटा ग्याविन भरिएको र अरु थप काम पनि भएको छ र सोही अनुसार उढेको MB बाट मात्र भुक्तानी दिइएको भनी पुष्टाई गर्नुभएको थियो।

**नेकपा एमाले**
नेकपा एमालेको तर्फबाट पार्टीका जिल्ला अध्यक्ष दिल बहादुर सिहंले मन्तव्य राख्नु भएको थियो। वहाँले सककारी कार्यालय र गैर सरकारी कार्यालय सवै एक अर्कामा समन्वय गरेर कृषि, शिक्षा, सिंचाई, यातायात कार्यक्रमहरु गरी आगामी दिन अगाडी बढ्न अनुरोध गर्दै त्यस्ता विषयहरुमा अनुगमन टोली बनाएर गाँउतिर गएर कार्यक्रमहरु हेरेर यथार्थ विवरण आएपछि काम गरेकालाई भुक्तानी गर्ने पद्धतीको अवलम्बन गर्नुपर्ने विषय औल्याउनु भएको थियो।

**नेपाली काँग्रेस**
नेपाली काग्रेसको तर्फबाट पार्टी जिल्ला सभापति पृथ्वी बहादुर सिहंले आफ्नो मन्तव्य राख्दै भविस्यमा पुर्व planning गरेर सम्पुर्ण stakeholders मिलेर कसरी गरिवी काम गर्न सकिन्छ भन्ने विषयमा समन्वय गर्नुपर्ने साथै विगत लामो समयसम्म विभिन्न संस्थाहरुबाट कार्य गरेतापनि गरिवी घटाउन नसकेको। त्यसैले आगामी दिनमा पुर्व योजना बनाई एकीकृत विकासमा जोड दिनुपर्छ भनी योजनाबद्ध विकासमा विषेश जोड दिनु भएको थियो।

**ए.नेकपा माओवादी**
ए.नेकपा माओवादीको तर्फबाट राज्य समिति सदस्य कलक बहादुर खड्काले आफ्नो भनाई राख्नु भएको थियो। वहाले समिक्षा निश्कर्षले आगामी दिनहरुमा सच्चायर लगि Planning गरेर साझा विकास विन्दुमा योजना बनाई अगाडी बढ्नु पर्ने साथै अनुगमन टोलीहरुकको वीचमा पनि मनान्तर आएकोमा दुःख लागेको बताउनु भयो।

**तेस्रो चौमासिक तथा बार्षिक प्रगति समिक्षा गोष्ठीको प्रमुख निचोड सहित कार्यक्रमको समापन :**

स्थानिय विकास अधिकारी श्री युवराज कटेल ज्यूले कार्यक्रमको समापनमा लामो समय सम्म धैर्यपूर्वक बसेर सक्रियारुपमा सहभागि भएर आ.ब. २०६९/०७० को प्रगती समिक्षा गोष्टी सम्पन्न गर्न सहयोग पुराउनु भएकोमा राजनीतिक दलहरुका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमुखहरु, गैससहरुका प्रतिनिधिहरु, दातृनिकायहरु, योजना अनुगमन टोलीका सदस्यहरु, सम्वन्धित प्राविधिक साइट इन्चार्जहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, नागरिक समाज, पत्राकारहरु तथा संचारकर्मीहरुलाई र यस प्रगति प्रस्तुति का लागि सक्रिय भई लाग्नु भएका जिविसको कार्यालयका राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिनुभयो । वहाँहरुलाई प्रत्येक बर्ष प्रगती समिक्षा गर्ने, राम्रा कार्यहरु के के भएका छन् भनी निचोड निकाल्न खटनु भएकोमा धन्यवाद प्रदान गर्नु भयो । जिल्लाको विकासमा राजनीतिक दलहरु, अन्तराष्ट्रिय गैसस, गैसस, दातृनिकायहरु, नागरिक समाज सबै मिली लागेका छौं र जिल्लाको दीर्घकालिन सोच सहित विकासका लागि सक्रियतापूर्वक अगि बढेका छौ भन्नु भएको थियो ।

यस बर्षको बार्षिक समिक्षा गोष्ठीमा जिविस र अर्न्ततका आयोजनाल, सरकारी विषयगत कार्यालयहरु र गैर सरकारी कार्यालयहरु समेत गरी २८ वटा कार्यालय र संघ संस्थाहरु सहभागि भैई बार्षिक प्रगति प्रस्तुत गरेका थिए । ति सवैलाई समेटेर बार्षिक समिक्षा पुस्तिका बनाइने कुरा स्थानीय विकास अधिकारीले उल्लेख गर्नुभयो । र त्यसको लागि यस समिक्षामा आएका सल्लाह सुझावहरुलाई कार्यान्वयन गराउने, अझ बढी पारदर्शि बनाउनु पर्ने र अनुगमनलाई व्यापकता दिनुपर्नेछ ।

स्थानीय विकास अधिकारी ज्युले व्यक्त गर्नुभएका केही महत्वपुर्ण विषयहरु देहायमा उल्लेख गरिएको छ ।

- वृहत छलफल, critical analysis सहित कार्यक्रमको review हुनु परेको तर उत्साहजनक भएको पाइएन । हामी सुध्रिनुपर्ने जरुरी छ । Resource प्रसस्त छ । तर change कहाँ देखियो ? GIZ ले कहाँ काम गरिरहेको छ तर माग गरिएका कार्यक्रमहरु आयको छैन् । जिल्ला परिषद्लाई वेवास्ता गरेको देखिन्छ । यस हलमा खै कर्मचारीहरु, कार्यालय प्रमुखहरु किन कर्मचारीहरु कार्यक्रमको अन्त्य सम्म बस्दैनन् । यदि निर्वाचित प्रतिनिधि भएको भए यस्तो अवस्था हुदैनथ्यो होला ।
- अर्को बर्ष देखि गिटी बालुवा ठेक्का लागाएर जिविसको आम्दानी बढाउन सकिन्छ ।
- म्एए बनाउनुपर्ने का अगाडी बढ्दैछ ।
- घरेलुको कोशेली घरमा तालिमीहरुले बनाउको सामाग्रीहरु राखिएको छ ।
- पशु कार्यालयले १० वटा गाई पालनमा सहयोग गरेको छ र स्वास्थमा सुधार आएको छ ।
- बजारमा आएको issue अनुसार पनु जडार थाम सडकको हेर्ने Field Inharge बाहेक अन्य प्राविधिकहरुलाई राखेर, राजनैतिक दलहरुको प्रतिनिधिहरु पठाएर अनुगमन गराउन सकिने ।
- सवै विषयगत सरकारी कार्यालय, संघसंस्थाहरु एकीकृत कार्यक्रम भित्र पारेर अनिवार्य आउनु जरुरी छ ।

समयमा बजेट रकम निकासा नभएकाले सम्बन्धीत सवे सरोकारवालाहरुले समयमै अखितयारी र बजेट निकासा गर्नु पर्ने विषय आवश्यक पहल गर्नुपर्ने विषयमा जोड दिनु पर्ने विषय उल्लेख गर्नु भयो । यस बर्षको अनुगमन व्यवस्था निर्देशिका अनुसार कर्मचारीहरुको मात्र भएको भएता पनि राजनीतिक दलको संयन्त्रका सदस्यहरुलाई पनि संयुक्त रुपमा अनुगमनको व्यवस्था मिलाएको जसमा योजनाको प्राविधिक पक्ष लाई मध्येनजर गरी त्यसको सम्वेदनशिलतालाई मनन् गर्दै पत्येक अनुगमन टोलीको संयोजक इन्जिनियरलाई खटाईनुका साथै योजनाको सम्वन्धमा सत्य तथ्य कुरा प्रकाशमा आओस भन्ने मनसायले प्रत्येक टोलीमा पत्रकारलाई समेत समेटिएको थियो । अनुगमन समितिका सदस्यहरुले दिएको प्रतिवेदन, कार्यक्रम सम्पन्न बिल, सार्वजनिक सुनुवाई गरिएको माइनुटिङ, प्राविधिकबाट तयार भएको कार्य सम्पन्नता मापन पुस्तीका र भरपाईलाई हरेर भुक्तानी गरिने गरिएको जानकारी गराउनु भयो ।

आउने बर्षमा सरकारी कार्यालयहरुलाई कार्य प्रगती प्रस्तुत गर्दा कम्प्युटर प्रस्तुत गर्न अनुरोध गर्ने । समग्रमा भन्नु पर्दा बार्षिक प्रगती समिक्षा सन्तोषजनक रहयो । जिल्लामा कार्यक्रम संचालन गर्दा र विभिन्न सवालमा घोषणाहरु गर्दा जिल्लाको भिजिनसँग जोडेर गरिएका छन् । विगतमा भन्दा कार्यक्रमहरु पारदर्शि रुपमा संचालन भएका छन् र यहाँहरु सम्पूर्णको सहयोग गर्नु भएकोमा स्थानिय विकास अधिकारीको हैसियतमा सम्मान प्रकट गर्दै बार्षिक प्रगती समिक्षा कार्यक्रम समापन गर्नु भयो ।

**सवल पक्ष** :

- विषयगत सरकारी कार्यालय, दातृनिकायका संस्थाहरु, गैससहरु, जि.वि.स. अन्तर्गतका आयोजनाहरु, जिल्ला प्राविधिक कार्यालय र जिविसको कार्यालयद्धारा आआफ्नो वार्षिक योजना खर्च तथा प्रगति प्रस्तुत गरिएको ।
- राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, योजना अनुगमन टोलीका सदस्यहरु, सम्वन्धित योजना हेर्ने प्राविधिक साइट इन्चार्जहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, पत्रकार, संचार कर्मीहरु लगायतका महानुभावहरुको समुपस्थितिमा समिक्षा गोष्ठी सम्पन्न गरिएको ।
- प्रत्येक प्रगति प्रस्तुतिमा राजनैतिकदलहरु, सरकारीकार्यालयका प्रतिनिधिहरु, गैससका प्रतिनिधिहरु, पत्रकारहरुबाट घनीभुतरुपमा योजनाका सम्वन्धमा छलफल भई प्रस्न जिज्ञासाहरु उठाईएको जसमा सम्वन्धित प्रस्तुत कर्ता, प्राविधिक र आवश्यकतानुसार स्थानीय विकास अधिकारी बाट जबाफ दिएको ।
- अधिकांस कार्यालय र संघसंस्थाबाट प्रस्तुतिमा विद्युतिय साधन को प्रयोग गरिएको जसले गर्दा प्रष्ट रुपमा विषय वस्तुहरु प्रकासमा आएको ।
- राजनैतिक दलका जिल्ला प्रमुख एवं जिम्मेवार पदाधिकारीको संयोजकत्वमा जिविसका प्राविधिक इन्जिनियरर वा सव इन्जिनियर सदस्य सचिव, गैसस प्रतिनिधि, नागरिक समाज प्रतिनिधि र पत्रकार समेतको सहभागितामा योजना अनुगमन टोली गठन भई सो टोलीबाट रु.१ लाख भन्दा माथिका प्रतिकुल अवस्थाका वावजुत छोटो समयमा पनि अधिकांश योजनाहरु अनुगमन गरी सोको प्रतिवेदनको आधारमा भुक्तानी प्रक्रिया अगाडी वढाएको ।
- निर्धारित समयावधिमा संलग्न सवै सरोकारवालाहरुको सक्रिय सहभागितामा तेस्रो चौमासिक तथा वार्षिक प्रगति समिक्षा गरिएको ।
- जिविसको कार्यालयबाट तयार पारिएको निर्धारित ढाँचामा सवै सरकारी कार्यालयहरु र गैससका प्रतिनिधिहरुले नै आफ्नो वार्षिक योजना खर्च तथा प्रगति प्रस्तुत गरेकोहुनाले वार्षिक समिक्षा गोष्ठिमा प्रस्तुतिमा एकरुपता आएको

**दुर्वल पक्ष :**

- आ.व. सम्पन्न भएको लगतै छोटो समयमा समिक्षा गोष्ठी आयोजना गरिएकोले अपेक्षाकृत रुपमा सवै सरोकारवालहरुलाई उपस्थित गराउन नसकिएको ।
- धेरै जसो योजनाहरु तेस्रो चौमासिक समयावधिमा सम्झौता भएको हुँदा कार्य सम्पादन स्थलमा वर्षादका कारण समेत योजनाहरुको कार्यमा जटिलता आएको सम्वन्धी सम्वन्धित पक्षहरुबाट कार्यमा अफठेरो पन देखा परेको गुनासो आएको ।
- छोटो समयवधिको कारण चाहेर पनि जि.वि.स., गाविस र जिविस अन्तर्गतका सवै योजनाहरुको अनुगमन गठित अनुगमन टोलीबाट अनुगमन गर्न अपेक्षकृत रुपमा नसएिको ।
- कार्यसम्पन्न भएको सार्वजनिक सुनुवाईको माइनुट, प्राविधिक साइट इन्चार्जले तयार गरेको कार्यसम्पन्न मापन पुस्तीका, योजना सम्झौता फाराम, गाविसको सिफारिश, अनुगमन टोलीको प्रतिवेदन लगाएतका आवश्यक कागजातहरु समेटी भुक्तानी प्रक्रिया अगाडी वढाईदा उक्त कागजातहरु जुटाउन समय अभावका कारण अन्तिम समयमा आएर भुक्तानी प्रक्रियामा चाप पर्न गएको ।
- केही योजनाहरु करिव करिव सम्पन्न हुने अवस्थामा रहेको हुँदा त्यस्ता योजनाहरुको सम्वन्धमा औचित्य हेरी कार्य सम्पादनको संवेदनशिलतालाई समेत ध्यानमा राखि उपभोक्ता समितिको मजवुरी लाई पनि अनुकरण गरी तत् तत् योजनाहरुको खाता रोक्का गर्नु परेको ।
- जिविसबाट निर्धारण गरिएको वार्षिक प्रगति सम्वन्धी ढाँचामा प्रगति कार्यक्रम तयार गरी प्रस्तुत गरिएकोमा, नियमानुसार मन्त्रालय, राष्ट्रिय योजना आयोगले निर्धारण गरेको ढाँचामा पूनः वार्षिक प्रगति समिक्षा तयार गरिनु पर्दा दोहोरो कार्य गर्नु परेको अवस्थाले गर्दा निर्धारित नियमित कार्यसम्पादनमा कार्य बोझ थपिन गएको महशुस भएको ।

**चुनौतीहरु** :

- प्रत्येक आ.व.का योजनाहरुको सम्झौता चैत्र मसान्त सम्म गरीसक्नु पर्ने ।
- नेपाल सरकारले आ.व.को चैत्र मसान्त भित्र अख्तियारी दिइसक्नु पर्ने ।
- योजनाहरुको अनुगमन आ.व.को बैशाख देखि नै सुरु गर्नुपर्ने ।

- योजनाहरुको अनुगमन योजनाको प्रारम्भ योजना कार्य भईरहेको अवस्था र योजनाको कार्य सम्पन्न भए पश्चात प्रत्येक योजना कम्तिमा ३ पटक सम्म अनुगमन गरिनु पर्ने ।
- योजनाको अन्तिम पटकको कार्य सम्पन्न भएको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात सर्वपक्षीय बैठकबाट समिक्षा गरी योजनाको सम्वन्धमा भुक्तानी प्रक्रिया अगाडी वढाउनु ।
- योजनाको सम्वन्धमा वार्षिक योजना अनुगमन कार्ययोजना तयार गरी लागु गरिनु पर्दछ ।
- जिल्लाको वढ्दो कार्यबोझलाई अपेक्षाकृत रुपमा वहन गर्नका लागि कार्यालयमा प्रार्याप्त मात्रामा दक्ष जनशक्तिको व्यवस्थापन गर्न ।
- उपलब्ध जनशक्तिको कार्य क्षमता अभिवृद्धिका लागि प्रभावकारी मानव संशाधन व्यवस्थापन कार्ययोजना वनाई अनुसरण गर्ने ।
- जि.वि.स. अन्तर्गत विविध प्रकृतिका कार्यहरु दिनानुदिन वढ्दै गएको हुँदा सो अनुरुपको आधुनिक प्रविधि मैत्री पूर्वधारहरुको व्यवस्थापन गर्नु ।
- जनप्रतिनिधी विहिन रहेको वर्तमान अवस्थामा जनताको वढ्दो चाहनालाई जनचाहना अनुरुप यथोचित रुपमा प्रभावकारी ढंगले सम्वोधन गर्नु ।

अतः मानब संशाधन व्यवस्थापन, पूर्वाधारको आपूर्ति, वैज्ञानिक कार्य पद्धति लगायतका विविध संरचनाजन्य मानबजन्य तथा पद्धति र कार्यप्रकिया सम्वन्धी विविध चुनौतिहरु रहेका छन ।

निष्कर्ष :

विकासका गतिविधिहरुलाई प्रतिफल उन्मुख वनाउनका लागि सवै सरोकारवालहरुको समन्वयात्मक भुमिकामा मात्र योजना छनौट अनुगमन र भुक्तानीको प्रक्रियाको कार्यसम्पादन गरिएमा विकास कार्यमा गरिएको लगानीको उच्चतम प्रतिफल अवश्य प्राप्त गर्न सकिने छ । त्यसैले वार्षिक समिक्षा जस्तो कार्य आफैमा एउटा महत्वपूर्ण कार्य हुदै हो । जसबाट विगतमा भएका कमीकमजोरीहरुको विश्लेषण, सवल पक्षहरुको आकंलन र खोजी तथा चुनौतीहरुको सामना गरी आगामी दिनहरुमा अपेक्षाकृत रुपमा निश्चित कार्ययोजना सहित नियमित रुपमा सर्वपक्षिय सुधारका साथ सकारात्मक कार्य सम्पादनका लागि प्रतिवद्ध भई सवै सम्वद्ध सरोकारवालहरुबाट समयमै प्रभावकारी कदम चालिएको खण्डमा उपर्युक्त दुर्वल पक्षहरुलाई क्रमिक रुपमा न्यूनिकरण गरी विकासका गतिविधिहरुलाई न्यायोचित रुपमा अवश्य व्यवस्थापन गर्न सकिने छ । यस तर्फ समयमै सम्वद्ध सवैको ध्यान जानु अपरिहार्य भएको देखिन्छ ।

प्रतिवेदक
याम नारायण गौली
योजना अनुगमन तथा प्रशासकीय अधिकृत
जिविस, बझाङ

# आ.ब. २०६९/७० को *वार्षिक समीक्षाका* तस्वीर झलक




वार्षिक प्रगति समिक्षा कार्यक्रम समुदघाटन समारोह




राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति




महिला विकास अधिकृत
आफ्नो प्रगति वारे प्रस्तुत गर्दै




स्थानीय विकास अधिकारी, प्रहरी नायव उपरिक्षक, राजनीतिक दल, कार्यालय प्रमुख, गै.स.स. प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति




वार्षिक समिक्षा कार्यक्रमका सहभागीहरु




जिल्ला शिक्षा कार्यालयको प्रगति प्रस्तु गर्दै जिल्ला शिक्षा अधिकारी श्री जगन्ननाथ उपाध्याय




जिल्ला पशु सेवा कार्यालयको
प्रस्तुति नियाल्दै योजना अधिकृत




समिक्षामा सक्रिय रुपमा सहभागि हुदै जिल्ला इन्जिनियर

जिल्ला विकास समितिको कार्यालय
आ.ब.२०६९/७० को बार्षिक प्रगती समीक्षा गोष्ठी
२०७०/४/२

**कार्यक्रम संचालन कार्यातालिका**

| **क.सं.** | **विषयबस्तु** | **समय** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | सवै कर्मचारी आईपुग्ने | ७ :४५ | |
| २ | चिया | ८ :०० | प्रशासन फाँट देवराज कोइराला |
| ३ | कार्यक्रम संचालन | ८ :०० | योजना अधिकृत याम नारायण गौली |
| ४ | कार्यक्रम उद्घाटन | ८ :१५ | अध्यक्ष स्था.वि.अ. |
| ५ | अध्यक्षता | | स्थानीय विकास अधिकारी |
| ६ | प्रमुख अतिथि | | नि. प्रमुख जिल्ला अधिकारी |
| ७ | अतिथि | | राजनैतिक दलहरु, कार्यालय प्रमुख |
| ८ | जिविसको प्रस्तुति | ८ :३० | जिल्ला ईन्जिनियर नरेन्द्र के.सी. खड्का |
| ९ | विषयगत कार्यालयको प्रस्तुति शुरु | | सम्बन्धीत कार्यालय प्रमुख |
| १० | खाना | १० :३० | प्रशासन फाँट देवराज कोईराला |
| ११ | विषयगत कार्यालयको प्रस्तुति निरन्तर | ११ : ३० | सम्बन्धीत कार्यलय प्रमुख |
| १२ | खाजा | २ : ३० | प्रशासन फाँट देवराज कोईराला |
| १३ | गैरसरकारी कार्यालयको प्रस्तुती | ३ : ०० | सम्बन्धीत प्रमुख एवं प्रतिनिधि |
| १४ | कार्यक्रमको समापन | ५ : ३० | स्थानीय विकास अधिकारी |

**नोट :** बुदा टिपोट :-विरेन्द्र सिहं, कार्यकारी सचिव स्थानीय विकास कोष, धन ब.लम्साल, कार्यक्रम अधिकृत युएनएफपिए , कुवेर ब. सिहं, जिल्ला सहजकर्ता एलजिसिडिपि